# सुदूरपश्चिम प्रदेश सरकार गठनको तीन वर्ष

## प्रमुख उपलब्धिहरु


प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली, नेपाल



२०७७, फाल्गुन ५

# संक्षिप्त पृष्ठभूमि

नेपालको संविधानले प्रत्याभूत गरेको तीन तहको शासन व्यवस्था कार्यान्वयनको क्रममा संविधानको धारा १६८ (१) बमोजिम मिति २०७४ साल फागुन ५ गते प्रदेशबासी जनताहरुको जनचाहना अनुरुप गठन भएको यस सुदूरपश्चिम प्रदेश सरकारले तीन बर्ष अवधि पूरा गरेको छ । नेपालको इतिहासमा नवीनतम पद्धतिको रुपमा रहेको संघीयता कार्यान्वयन गर्ने सिलसिलामा विभिन्न चुनौतीहरुको सामना गर्दै प्रदेश सरकार जनअपेक्षा अनुरुप कार्य सञ्चालन गर्ने प्रयत्नका साथ अगाडि बढिरहेको छ।प्रदेश सरकारले **"समृद्ध सुदूरपश्चिम निर्माण"** को मूल मर्मलाई आत्मसात गर्दै प्रदेशको समग्र आर्थिक विकास र समृद्धिको मूल ध्येयका साथ सुदूरपश्चिम प्रदेश सरकार गठन भएको तीन बर्ष पूरा भएको सन्दर्भमा कानूनी तथा संस्थागत संरचनाको अभाव रहेको सुरुवाती चरणमा प्रदेश सरकारले सांगठनिक संरचना विस्तार र कानून निर्माणलाई उच्च प्राथमिकताका साथ अगाडि बढाएको छ ।

स्थापनाको पहिलो वर्षमा प्रदेशको नामाकरण र राजधानी रहने क्षेत्र निर्धारण गरेकोमा राजधानी क्षेत्रको पूर्वाधार विकासको लागि सुदूरपश्चिम प्रदेश राजधानी पूर्वाधार विकास समिति (गठन) आदेश, २०७६ प्रदेश सरकार (मन्त्रिपरिषद्) वाट जारी भई सोही बमोजिम समितिको कार्यकारी निर्देशक तोक्नुका साथै सम्भाव्यता अध्ययन सम्पन्न भईसकेको तथा जग्गा प्राप्ती, विस्तृत आयोजना प्रतिवेदन र प्रारम्भिक वातावरणीय प्रभाव मुल्यांकनको कार्य प्रारम्भ भएको छ । यस अवधिमा प्रदेश सरकारवाट चार वटा वार्षिक नीति तथा कार्यक्रम जारी गरिएको छ भने प्रस्तुत गरिएका चार वटा बजेट मध्ये तीन वटा बजेटको कार्यान्वयन सम्पन्न भएको र चौथो बजेट कार्यान्वयनको चरणमा रहेको छ।

९ वटै जिल्लाका सबै निर्वाचन क्षेत्रहरुमा कार्यान्वयन हुने गरी आर्थिक वर्ष २०७५/०७६ मा प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५ बमोजिम छनौट भएका ५७१ वटा पूर्वाधार विकास सम्बन्धी आयोजनाहरु कार्यान्वयनमा गईसकेका छन्।त्यसैगरी प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम छनौट भई प्रदेश सरकार मातहतका निकाय/कार्यालय एवं स्थानीय तह मार्फत आ.व. २०७६/०७७ मा ८३६ आयोजनाहरु कार्यान्वयनमा गएका तथा चालु आ.व. २०७७/०७८ मा जम्मा ८७८ आयोजनाहरु छनौट भई कार्यान्वयनको क्रममा रहेका छन् ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ ले समग्र विश्वलाई नै आक्रान्त पारेको वर्तमान परिप्रेक्ष्यमा यो प्रदेश पनि उक्त महामारीको चपेटाबाट अछुतो रहन नसके तापनि प्रदेश सरकारको आफ्नो सामर्थ्यले भ्याएसम्म प्रदेशको सर्वाङ्गिण विकास तथा प्रदेशवासी जनताहरुको सुख र सर्वोत्तम हितका लागि निरन्तर लागि परेको छ ।प्रदेश सरकार गठन भएको तीन बर्षको अवधिमा हासिल भएका महत्त्वपूर्ण उपलव्धिहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

## १. <u>सुशासन तथा मानव अधिकार-</u>

प्रदेशको सार्वजनिक मामिलालाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र जनसहभागितामूलक तुल्याउँदै प्रदेशबाट प्रवाह हुने सेवा सुविधामा जनताको समान, सहज र सरल पहुँच सुनिश्चित गर्नुका साथै कानूनको शासन, चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको समुचित व्यवस्थापन मार्फत नागरिकसमक्ष असल शासनलाई प्रत्याभूति गर्न सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५ कार्यान्वयनमा रहेको छ । यस प्रदेशका नागरिकका चासो, गुनासो र समस्याहरुलाई समयमै सम्बोधन गर्ने गराउने उद्देश्यले सञ्चालनमा ल्याइएको हेलो सि.एम. कार्यक्रमलाई निरन्तरता दिइएको छ । महिलाहरुको मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको लागि महिला विरुद्धको विभेदको अवशेषको रुपमा रहेको छाउपडी प्रथाजन्य कुरीतिको अन्त्य गरी मर्यादित र समतामूलक समाजको निर्माण गर्ने दीर्घकालिन सोचका साथ छाउपडी प्रथाजन्य कुरीति उन्मुलन नीति, २०७६ प्रदेश सरकार (मन्त्रिपरिषद्) वाट पारित भई लागू भएको छ ।

प्रदेश सरकार गठन भए पश्चात हालसम्म १०० पटक मन्त्रिपरिपद् वैठक बसि मन्त्रालयहरुबाट प्राप्त प्रस्तावहरु लगायत अन्य विभिन्न विषयहरुमा निर्णय भई निर्णय कार्यान्वयनको निरन्तर अनुगमन गरिदै आएको छ भने यस अवधि सम्म ३१ पटक सचिव वैठक, १२ पटक प्रदेश संकट व्यवस्थापन केन्द्र वैठक, ३ पटक प्रदेश समन्वय परिषद्को वैठक बसी विविध विषयहरुमा निर्णय भई सम्बन्धित निकायमा कार्यान्वयनका लागि पठाईएको अवस्था छ ।त्यसैगरी कोभिड-१९ संक्रमण रोकथाम लगायतका समसामयिक महत्वका विषयका सन्दर्भमा माननीय मुख्यमन्त्रीज्यूबाट सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा स्थानीय तहका पदाधिकारीहरुसँग भर्चुअल (Virtual) माध्यमबाट वैठक बसी समन्वय तथा निर्देशन प्रदान गर्ने कार्य गरिएको छ। साथै मुख्यमन्त्रीज्यूको अध्यक्षता रहने प्रदेश समन्वय समितिको ३ पटक वैठक बसी प्रदेश तथा स्थानीय शासन सहयोग

कार्यक्रम (PLGSP) अन्तर्गत जिल्ला समन्वय समिति तथा स्थानीय तहको विचको सहकार्य, समन्वय र क्षमता विकास सम्बन्धी कार्यक्रम, योजना निर्माण र कार्यान्वयन भएको छ ।

प्रदेशका समसामयिक गतिविधिहरुलाई जनतामाझ उजागर गर्ने उदेश्यका साथ नेपाल टेलिभिजनसँग कार्यक्रम संचालन सम्झौता भई प्रदेश डायरी कार्यक्रम संचालन भएको छ ।प्रदेश सरकारको निर्दिष्ट लक्ष्य तथा प्रगति हासिल गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनका लागि माननीय मुख्यमन्त्रीले प्रमुख सचिवसँग, प्रमुख सचिवले मुख्यमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालयका सचिवहरुसँग र विषयगत मन्त्रालयका माननीय मन्त्रीले मन्त्रालयका सचिवहरुसँग कार्यसम्पादन सम्झौता गर्ने कार्य गरिएको छ । सबै मन्त्रालयमा प्रत्येक राष्ट्रसेवक कर्मचारीले दैनिक रुपमा गरेको कार्यसम्पादनको विवरण अभिलेखिकरण सहितको दैनिक पुस्तिका (डायरी) भर्ने कार्यको सुरुवात भई कार्यान्वयनमा रहेको छ।

प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार कोभिड १९ रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोषबाट स्थानीय तहहरुलाई आईसोलेसन व्यवस्थापनका लागि रु. ६ करोड २५ हजार र लकडाउनका कारण सृजित परिस्थितिमा प्रदेशभित्रका श्रमिक वर्ग तथा असहायहरुका लागि राहत उपलब्ध गराउनका लागि रु. १५ करोड २६ लाख सशर्त अनुदान दिईएको छ । त्यसैगरी मन्त्रिपरिषद्कै निर्णयानुसार कोभिड-१९ को संक्रमण रोकथाम, जोखिम न्यूनीकरण, क्वारेन्टाईन तथा अन्य आपतकालीन व्यवस्थापनका लागि प्रदेशभित्रका प्रत्येक उपमहानगरपालिकालाई रु. ५ लाख, नगरपालिकालाई रु.४ लाख र गाउँपालिकालाई रु.३ लाखका दरले सशर्त अनुदान उपलब्ध गराईएको छ ।

व्याँस गाउँपालिका विशेष कार्यक्रम अन्तर्गत विनियोजित रु. ५ करोड रकम व्याँस गाउपालिका वडा नं. १ लाई लक्षित गरी खाद्यान्न, स्वास्थ्य, सुरक्षा, शिक्षा, उद्योग लगायतका विभिन्न क्षेत्रहरुमा खर्च गर्ने गरी वाँडफाँट सहित सम्बन्धित निकायमा सशर्त अनुदानको रुपमा रकम हस्तान्तरण भई कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन् । माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७७/९/२८ गते सम्पन्न प्रदेश समन्वय परिषद्को तेस्रो वैठकले सबै किसिमका जातीय, वर्गीय, भाषिक, धार्मिक र लैङ्गिक विभेद अन्त्य गर्ने, छाउपडी तथा वोक्सी प्रथा लगायतका सामाजिक कुरीतिहरु निर्मूल गर्ने, सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र गुणस्तरीय बनाउने साथै साझा सरोकारका विषय समन्वय र सहकार्य गर्ने प्रतिवद्धता जनाउँदै प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकारका सबै मन्त्रालय, निकाय र सबै स्थानीय तहले आवश्यक समन्वय एवं सहकार्य गर्ने र आफ्नो निकायबाट पहल लिने निर्णय गरेको छ ।

प्रदेश सभा सचिवालयबाट प्रदेश सभा अन्तर्गतका विषयगत समितिहरुको वार्षिक प्रतिवेदन प्रकाशित गरिनुका साथै समितिबाट भएका अनुगमन प्रतिवेदनहरु समेत प्रकाशन गरिएका छन् ।प्रदेश सभाको डायरी र टेलिफोन डाईरेक्टरी प्रकाशन, प्रदेश सभाको संक्षिप्त र सम्पूर्ण विवरण प्रकाशन गरिएको छ ।प्रदेश सभाका विषयगत समितिहरुको कार्यसंचालनका लागि कार्यविधि निर्माण सम्बन्धी कार्य सम्पन्न भएको छ ।बाढी पिडीतहरुका सम्बन्धमा अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट सरकारलाई दिईएको निर्देशन कार्यान्वयन भईरहेको छ।प्रदेश सभा सदस्यहरुका लागि ४६ थान ल्यापटप खरीद गरि वितरण, संसदीय दलहरुका लागि भवन निर्माण कार्यका साथै सभाहल भित्र माइक, क्यामेरा र डिस्प्ले जडान गरि युट्युवबाट प्रत्यक्ष प्रशारण गर्ने व्यवस्था गरिएको छ।त्यसैगरी मिडिया सेन्टर निर्माण र विधेयक संग्रहको पुस्तिका तयार पार्ने कार्य समेत गरिएको छ।

स्थानीय तहको कानून निर्माण तथा न्याय सम्पादन सम्बन्धी स्रोत सामग्री प्रकाशन भएको छ ।प्रदेश सरकार अन्तरगतका मन्त्रालय, निकाय, कार्यालय तथा जिल्ला अदालत वारका पदाधिकारी, सरकारी वकील समेतलाई लिखित जवाफ तथा कानूनी राय सम्बन्धी ब्यावहारिक प्रशिक्षण कार्यक्रम कैलालीमा सञ्चालन गरिएको छ ।त्यसैगरी विभिन्न मितिमा विभिन्न स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरु, कार्यपालिका सदस्यहरु र न्यायिक प्रकृयामा सहभागी कर्मचारी समेतको सहभागितामा ९ वटै जिल्लामा स्थानीय तहको कानून निर्माण एवं न्याय सम्पादन सम्बन्धी २ दिने प्रशिक्षण कार्यक्रम कुल ४३४ जनाको सहभागितामा सम्पन्न भएको छ ।

## २. कानून तर्जुमा एवं कार्यान्वयन -

कानूनी शासन मार्फत सुशासन र मानव अधिकारको सम्वर्द्धन तथा प्रवर्द्धनका लागि सुदूरपश्चिम प्रदेश सरकारवाट नीति २, ऐन ४१, नियमावली ९, आचारसंहिता १, कार्यविधि ६९, निर्देशिका २६, मार्गदर्शन १, गठन आदेश ६, मापदण्ड ८ र कार्ययोजना १ निर्माण भई लागू भएका छन् भने प्रदेश सरकार (मन्त्रिपरिषद्) वाट ५ वटा विधेयकहरु प्रदेश सभामा पेश गर्ने स्वीकृति प्रदान गरिएको र ती विधेयकहरु प्रदेश सभामा दर्ता गरिएका छन।उल्लिखित कानूनहरुको विस्तृत विवरण **अनुसूची-१** मा राखिएको छ ।

प्रदेश सरकारवाट जारी भएका ऐन कानूनहरुको सम्वन्धमा आम नागरिकहरुलाई सुसूचित गराउने उद्देश्यले प्रदेश ऐन संग्रह खण्ड १ र छाउपडी प्रथाजन्य कुरीति उन्मुलन नीति,२०७६ पुस्तिकाको रुपमा प्रकाशन गरी बितरण गरिएको छ ।

## ३. संगठन संरचना तथा कार्यालय स्थापना र सञ्चालन -

प्रदेश सरकारको काम कारवाहीलाई नतिजामूखी र प्रभावकारी बनाउने क्रममा विगत तीन बर्षको अवधिसम्ममा प्रदेश सरकार अन्तर्गत संघबाट स्वीकृत ११२ र प्रदेश सरकारबाट थप (अस्थायी कार्यालय) २१ गरी मन्त्रालयसहित जम्मा १३३ वटा निकायहरू संचालनमा रहेका छन् । उक्त कार्यालयहरुमा संघबाट स्वीकृत दरवन्दी संख्या २६६१ मध्ये १६३९ पदमा पदपूर्ति भएको र १०२२ पद रिक्त रहेको छ ।त्यसैगरी प्रदेश सरकारबाट स्थापना भएका अस्थायी कार्यालयहरुमा २५९ दरवन्दी स्वीकृत भएकोमा १३७ दरवन्दीमा सेवा करारमा कार्यरत रहेका र बाँकी दरवन्दीहरुमा मौजुदा स्थायी कर्मचारीहरुबाट नै थप व्ययभार नपर्ने गरी कामकाजमा खटाईएको छ। मन्त्रिपरिषद्बाट स्वीकृत अस्थायी कार्यालयहरु समेतलाई समावेश गर्दा हालसम्म यस प्रदेश अन्तर्गत रहेका कार्यालय/निकायको समग्र विवरण **अनुसूची-२** मा उल्लेख गरिएको छ । यस प्रदेशका मन्त्रालय र मातहतका निकाय/कार्यालयहरुको संगठन संरचना, कर्मचारीको पद तथा दरवन्दी व्यवस्थापन गर्ने कार्यलाई थप वस्तुनिष्ठ, वैज्ञानिक र यथार्थपरक बनाउन संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षणका लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC), जावलाखेल, ललितपुरसँग सम्झौता भई सर्वेक्षणको अन्तिम प्रतिवेदन समेत प्राप्त भईसकेको छ भने डोटी जिल्लाको दिपायलमा निजामती कर्मचारीका सन्ततिलाई अध्ययन सुविधा दिने उद्देश्यले प्रदेश निजामती कर्मचारी आवासीय विद्यालयको कक्षा ६-१० संचालनमा रहेको र सो विद्यालयको भवन निर्माणाधीन अवस्थामा रहेको छ ।

ग्रामीण विकास प्रशिक्षण केन्द्र, पुन्ना, डोटी र मातहतको संरचनाहरु प्रदेश सरकार अन्तरगतको प्रादेशिक सुशासन केन्द्र (PCGG ) ले उपयोग गर्ने गरी हस्तान्तरण भई कार्यसंचालन भईरहेको र ग्रामीण विकास प्रशिक्षण केन्द्रका लागि कार्यकारी निर्देशक तोकी केन्द्रको कामकारवाही सुचारु ढंगबाट अघि बढिरहेको छ ।प्रादेशिक कार्यक्रम कार्यान्वयन ईकाई (PPIU) को कार्यालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तरगत स्थापना भई कार्य प्रारम्भ हुनुका साथै प्रादेशिक सुशासन केन्द्र (PCGG ) बाट स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण तालिम, स्थानीय तहको लागि योजना तर्जुमा तथा दीगो विकास लक्ष्य स्थानीयकरण सम्बन्धी तालिम, स्थानीय तहको लागि उद्यम विकास सम्बन्धी तालिम, स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृत (ITO) को लागि तालिम संचालनका साथै प्रदेश सरकारको शासन प्रणाली, सूचना प्रविधि, विभिन्न नीति निर्देशिका, योजना तर्जुमा विकास तथा समन्वय सम्बन्धी ७ वटा अवधारणा पत्र तयार पारिएको छ।

प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार प्रदेश राजधानी भौतिक पूर्वाधार विकास परियोजना कार्यालयमा रहने कर्मचारीहरुको अस्थायी दरवन्दी स्वीकृत हुनुका साथै प्रदेश नीति तथा योजना आयोगको गठन भई आयोगको कार्यालय समेत स्थापना भईसकेको छ ।यसैगरी प्रदेश लोकसेवा आयोगको अन्तरिम संगठन संरचना एवं दरवन्दी तेरिज तयार पार्ने कार्य शुरुवात भएको छ ।

## ४. <u>आर्थिक क्षेत्र तथा *सामाजिक क्षेत्र*</u>

- संघीयता कार्यान्वयनको प्रारम्भिक चरणमा प्रदेश सरकारका संस्थागत संरचना निर्माण, प्राविधिक र स्रोत परिचालन क्षमता अभिवृद्धि, सुदूरपश्चिम प्रदेशका जनताका विकास आकांक्षाको सम्बोधन, कृषि क्षेत्रको व्यावसायीकरण र उत्पादकत्व वृद्धि, सार्वजनिक, निजी र सरकारी क्षेत्रको लगानी सहकार्यबाट उत्पादकत्व र उत्पादन वृद्धि लगायतका चुनौतीहरु औल्याएर प्रदेश सरकारले कार्य प्रारम्भ गरेको थियो । संघीय सरकारबाट वित्तीय हस्तान्तरण मार्फत उपलब्ध भएको वित्तीय स्रोतको अधिकतम परिचालनका लागि विधि, प्रक्रिया र मापढण्डहरु निर्माण गरी लागू गरिएका छन् ।
- प्रदेश सरकार स्थापना भए पश्चात २०७५ बैशाख ९ गते सुदूरपश्चिम प्रदेश सरकारको पहिलो बजेटको रुपमा रु. १ अर्व २ करोड ५ लाखको अल्पकालिन बजेट प्रस्तुत भएको थियो ।
- नेपाल मानव विकास प्रतिवेदन, २०१४ अनुसार नेपालको कूल गार्हस्थ उत्पादनमा सुदूरपश्चिम प्रदेशको योगदान ६.३७ प्रतिशत रहेकोमा नेपाल मानव विकास प्रतिवेदन, २०२० का अनुसार सो योगदान ७.२१ प्रतिशत पुगेको छ ।
- २०७४ चैत्रमा ३४ वटा स्थानीय तहमा वाणिज्य बैङ्कहरुको शाखा रहेकोमा २०७७ माघ सम्ममा ८७ वटा स्थानीय तहमा वाणिज्य बैङ्कका शाखाहरु स्थापना भई सेवा सुचारु भएको छ ।
- आर्थिक वर्ष २०७६/७७ मा देशको कूल गार्हस्थ उत्पादन (उत्पादनको मूल्यमा) को वृद्धिदर २.२८ प्रतिशत रहेकोमा सुदूरपश्चिम प्रदेशको सबैभन्दा बढी ४.१ प्रतिशत रहेको छ । सुदूरपश्चिम प्रदेशको मानव विकास सूचकांक ०.५४७ रहेको छ । यसमा सुदूरपश्चिम प्रदेशले आफुलाई पाँचौ स्थानमा राख्न सफल भएको छ ।
- प्रदेश सरकार गठन भएको पहिलो वर्ष (आर्थिक वर्ष २०७४।०७५) मा चालुतर्फ १९.६६ प्रतिशत र पूँजीगततर्फ ५३ प्रतिशत गरी कूल २५.४६ प्रतिशत खर्च

भएकोमा आर्थिक वर्ष २०७५।०७६ मा चालुतर्फ ५१.९१ प्रतिशत र पूँजिगततर्फ ६१.७३ प्रतिशत गरी जम्मा ५६.५० प्रतिशत खर्च भएको थियो । आर्थिक वर्ष २०७६।०७७ मा चालुतर्फ ५५.६७ प्रतिशत र पुँजीगततर्फ ७१.०८ गरी जम्मा ६२.८२ प्रतिशत खर्च भएको थियो । यस आर्थिक वर्ष २०७७।०७८ को पुष मसान्तसम्म चालुतर्फ १३.९६ प्रतिशत र पुँजीगततर्फ १२.५७ गरी जम्मा १३.२५ प्रतिशत रकम खर्च भएको देखिन्छ ।

- आर्थिक वर्ष २०७५।०७६ मा रु. सतसट्ठी करोड बीस लाख बयानब्बे हजार राजश्व संकलन भएकोमा आर्थिक वर्ष ०७६।०७७ मा रु. सतासी करोड चौपन्न लाख चौरानब्बे हजार र चालू आर्थिक वर्ष ०७७।०७८ को अर्धवार्षिक अवधि (पौष मसान्तसम्म) मा रु. अठ्चालीस करोड अठहत्तर लाख तेत्तीस राजस्व संकलन भएको छ ।

<u>विनियोजन तथा खर्चको अवस्था</u>

| क्र. सं | आर्थिक वर्ष | बजेट रकम (रू.हजारमा) | | | खर्च रकम (रू.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | कुल | चालु | पूँजीगत | कुल |
| १ | ०७४/०७५ | ८४३४०० | १७७१०० | १०२०५०० | १६५८१७ | ९३९९९ | २५९८१६ |
| २ | ०७५/०७६ | १३३५०८०० | ११७१४८१४ | २५०६५६१४ | ६९३०७९२ | ७२३२६०८ | १४१६३४०० |
| ३ | ०७६/०७७ | १५०९४८३६ | १३०६७१९९ | २८१६२०३५ | ८४०३४३४ | ९२८८५७८ | १७६९२०१२ |
| ४ | ०७७/०७८ | १६४२४०८० | १६९५७२७८ | ३३३८१३४८ | २२९२५७३ | २१३११८९* | ४४२३७६२* |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

* २०७७ पौष सम्मको

- सुदूरपश्चिम प्रदेशमा लगानीको वातावरण निर्माण गर्न सुदूरपश्चिम वित्तीय सम्मेलन मिति २०७६ साल मंसिर २० गते सम्पन्न भएको साथै दीगो विकास लक्ष्य (SDG) को स्थानीयकरण गर्ने कार्य सम्पन्न गरेको ।
- समय समयमा बजेट तर्जुमा सम्बन्धी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) तालिम संचालन गरिएको । प्रदेश सभाका माननीय सदस्यहरुसँग पूर्व बजेट छलफल कार्यक्रम संचालन गरिएको ।
- प्रदेश स्वरोजगार विकास कोष स्थापना भई कार्यकारी निर्देशकको नियुक्ति प्रकृया अन्तिम चरणमा रहेको । प्रदेश सरकारबाट घोषणा भएको पुनर्कर्जा सम्बन्धी

कार्यविधि स्वीकृतिको अन्तिम चरणमा रहेको। पुनर्कर्जाको कार्यक्रम कार्यान्वयनबाट थप ४०० प्रत्यक्ष रोजगारी सिर्जना हुने अपेक्षा गरिएको ।

- प्रदेश सरकारका कार्यालयहरुमा चेकबाट भुक्तानी कार्य भईरहेकोमा भुक्तानी दिने रकम सोझै खातामा जम्मा हुने प्रणाली EFT(Electornic funds transfer system) को सुरुवात गरिएको ।
- प्रदेश सरकारको खर्च लेखांकनको लागि CGAS (Computerized government accounting system) प्रणालीको सुरुवात र सोको लागि तालिमको व्यवस्था गरिएको। प्रदेश सरकार अन्तर्गतका कार्यालयहरुमा जिन्सी व्यवस्थापनका लागि PAMS (Public assest management system) प्रणालीको सुरुवात र तालिमको व्यवस्था गरिएको ।
- विगत ३ वर्षको बजेट र खर्चको समग्र स्थिति र प्रदेशको आर्थिक तथा सामाजिक परिसूचक अनुसूची-३ मा उल्लेख गरिएको छ ।

## ५. सडक, पुल, सिँचाई, खानेपानी, तटबन्ध, आवास, उर्जा, यातायात क्षेत्र -

- भूमिगत सिँचाई र सतह सिँचाई तर्फ २६० वटा आयोजनाहरु अन्तरगत पक्कि कुलो १८० कि.मि., कच्ची कुलो १०० कि.मि. र १४ वटा डिप ट्युबेल निर्माण भै ९८९० हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा पुगेको। हरेक जिल्लामा कम्तीमा दुईवटा नमूना लिफ्ट सिँचाई आयोजनाको लागि अध्ययन एवं नक्साङ्कन भइ कार्यान्वयन भएको। साथै गत आ.व. देखि क्रमागत रुपमा संचालन भै चालु आ.व.२०७७/७८ मा सम्पन्न हुने आयोजनाहरुबाट थप ५७०० हेक्टर जमिनमा सिंचाई सुबिधा उपलब्ध हुनेछ भने बहुबर्षीय ठेक्का भएका र आगामी आ.व २०७८/०७९ मा सम्पन्न हुने क्रमागत आयोजनाहरुबाट समेत थप ६००० हेक्टर जमिनमा सिंचाई सुबिधा बृद्धि हुनेछ ।
- नौगाड जलबिद्युत आयोजना, दार्चुला (६.९७ मे.वा.) र सुर्नयागाड जलबिद्युत आयोजना, बैतडी (७.७५ मे.वा.) को प्रारम्भिक वातावरणीय प्रभाव अध्ययन सहित बिस्तृत सम्भाव्यता अध्ययनको कार्य भइरहेको छ भने अपर सुर्नयागाड जलबिद्युत आयोजना, बैतडी (७.७१ मे.वा.) को प्रारम्भिक वातावरणीय प्रभाव अध्ययन सहित बिस्तृत सम्भाव्यता अध्ययनको लागि परामर्शदाता छनौटको लागि मूल्यांकनको कार्य भइरहेको, बैकल्पिक उर्जाको विकास र प्रवर्द्धनको लागि पूर्व सम्भाव्यता अध्ययन

गरिएको छ।साथै आगामी आ.व. २०७८/०७९ देखि माथि उल्लेखित तीनवटै जलविद्युत आयोजनाहरुको कुल २२.४३ मे.वा. को लागि स्रोत सुनिश्चितता गरी कार्यान्वयनको प्रक्रिया समेत थालिनेछ ।

- प्रदेशस्तरीय एकीकृत भौतिक पूर्वाधार विकास नीतिको तर्जुमा कार्य अगाडि बढाईएको।
- प्रदेश खानेपानी गुरु योजना, प्रदेश सिंचाई गुरु योजना, प्रदेश सरसफाई गुरुयोजना तयार गर्न अध्ययन कार्यको लागि प्रक्रिया सुरु भएको।
- प्रदेश राजधानी तोकिएको क्षेत्र (गोदावरी पुल देखि ५ कि.मि. तल्लो तटीय क्षेत्र) मा नदी नियन्त्रण कार्यको लागि विस्तृत सम्भाव्यता अध्ययन भैरहेको ।
- नदी नियन्त्रण, तटबन्ध र पहिरो नियन्त्रण तर्फ कुल जम्मा ४८ कि.मि. लम्बाइमा संरक्षण (Protection) को कार्य भएको छ र जसमा २२९ हेक्टर जमिनको उकास र जमिनको कटान रोक्ने काम भएको ।साथै गत आ.व. देखि क्रमागत रुपमा संचालन भै चालु आ.व. २०७७/७८ मा सम्पन्न हुने आयोजनाहरुबाट थप ८५ किमी लम्बाइमा संरक्षणको काम (Protection) सम्पन्न भई ४०५ हेक्टर हेक्टर जमिनको उकास र जमिनको कटान रोक्ने काम सम्पन्न हुनेछ भने आगामी आ.व. २०७८/०७९ मा सम्पन्न हुने क्रमागत आयोजनाहरुबाट समेत थप १०० कि.मि. लम्बाइमा संरक्षणको काम (Protection) सम्पन्न भई ४७७ हेक्टर जमिनको उकास र जमिनको कटान रोक्ने काम भएको हुनेछ ।
- कैलाली र कञ्चनपुरका कान्द्रा, कटैनी, बनरा, शिवगंगा, चौधर लगायतका विभिन्न नदीहरुमा नदी नियन्त्रण कार्य प्रारम्भ गरिएको ।
- खानेपानी तथा सरसफाई तर्फ १९६ वटा आयोजनाहरु सम्पन्न भई ४०,००० जना लाभान्वित भएका छन् भने २५४ वटा आयोजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन्।साथै गत आ.व. देखि क्रमागत रुपमा संचालन भै चालु आ.व.२०७७/७८ मा सम्पन्न हुने आयोजनाहरुबाट थप २०,००० जनसंख्यालाई खानेपानी तथा सरसफाई को सेवा उपलब्ध हुनेछ भने बहुबर्षीय ठेक्का भएका र आगामी आ.व २०७८/०७९ मा सम्पन्न हुने क्रमागत आयोजनाहरुबाट समेत थप १५,००० जनसंख्यालाई खानेपानी तथा सरसफाई को सेवा उपलब्ध भएको हुनेछ ।

- यातायात पूर्वाधारतर्फ १२८ कि.मि. पक्कि सडक, ३२२ कि.मि. खण्डास्मित (ग्रावेल सडक) र ७०८ कि.मि माटे सडक निर्माण, १० वटा सडक पुल र १८ वटा झोलुंगे पुल निर्माण भएका छन्।साथै गत आ.व. देखि क्रमागत रुपमा संचालन भै चालु आ.व.२०७७/७८ मा सम्पन्न हुने आयोजनाहरुबाट २०७.८ कि.मि.पक्कि सडक,५९ कि.मि.खण्डास्मित (ग्रावेल सडक),२१५ कि.मि. माटे सडक निर्माण सम्पन्न हुनेछ र ५ वटा सडक पुल र ६ वटा झोलुंगे पुल निर्माण सम्पन्न हुनेछन् भने बहुबर्षीय ठेक्का भएका र आगामी आ.व.२०७८/०७९ मा सम्पन्न हुने क्रमागत आयोजनाहरुबाट समेत थप १६०.४१ कि.मि.पक्कि सडक,४८.५ कि.मि.खण्डास्मित(ग्रावेल सडक),२२८ कि.मि. माटे सडक, १४ वटा सडक पुल र ८ वटा झोलुंगे पुल निर्माणको काम सम्पन्न भएको हुनेछ ।
- प्रत्येक जिल्लामा एउटा पर्ने गरि ९ वटा महत्त्वपूर्ण सडक योजनालाई प्रादेशिक गौरवका योजनाको रुपमा छनौट गरी निर्माण कार्यलाई उच्च प्राथमिकता साथ कार्य अगाडि बढाएको ।प्रादेशिक गौरवका योजनाहरुको विवरण र विद्यमान प्रगति अवस्था **अनुसूची-**४ मा उल्लेख गरिएको ।
- जनता आवास कार्यक्रम अन्तर्गत लक्षित वर्गका जनताको लागि जम्मा १७४६ वटा निजी आवास भवन निर्माण सम्पन्न भई विपन्न जनतालाई हस्तान्तरण भएका छन् । हालसम्म ५७ वटा सामुदायिक/सरकारी भवन निर्माण भएका साथै गत आ.व. देखि क्रमागत रुपमा संचालित १००० वटा निजि आवासहरु चालु आ.व. २०७७/७८ मा निर्माण सम्पन्न भै विपन्न जनतालाई हस्तान्तरण हुनेछन् भने क्रमागत रुपमा संचालित १२५४ वटा निजि आवासहरु आगामी आ.व २०७८/०७९ मा सम्पन्न भै विपन्न जनतालाई हस्तान्तरण हुनेछन् । त्यसैगरी सामुदायिक/सरकारी भवन भवन तर्फ चालु आ.व. २०७७/७८ मा ४५ वटा र आगामी आ.व. २०७८/०७९ मा ३५ वटा सामुदायिक/सरकारी भवनहरु निर्माण सम्पन्न हुनेछन ।
- चालु आ.व.२०७७/०७८ देखि शुरु गरिएको 'ब्यास गाँउपालिका बिशेष कार्यक्रम' अन्तर्गत टिंकरमा साना जलबिद्युत आयोजनाहरुको मर्मत-सम्भार र छाङरूमा वडा कार्यालय भवन निर्माण र घोडेटो बाटो निर्माण सम्बन्धी कार्यको प्रक्रिया शुरु गरिएको।

- प्रदेश बस सेवा निगम गठन तथा सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिएको छ ।यातायात व्यवस्था कार्यालय कैलाली र कञ्चनपुरका अलावा यातायात व्यवस्था सेवा कार्यालय डोटी र डडेल्धुरामा पनि ट्रायल सेन्टरको संरचना निर्माण गरी उक्त कार्यालयहरुबाट समेत सवारी अनुमतिपत्र वितरण गर्नका लागि कार्य अघि बढाईएको।
- भौतिक पूर्वाधार विकास मन्त्रालय तर्फको समग्र प्रगति स्थिति **अनुसूची- ५** मा उल्लेख गरिएको छ।

## ६ कृषि तथा पशुपालन क्षेत्र-

- संविधानबाट प्रदत्त खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको हकलाई साकार तुल्याउन खाद्यमा आत्मनिर्भरताको नीतिलाई अनुसरण गर्दै सुदुरपश्चिम प्रदेश सरकारले कृषिको यान्त्रिकिकरण, आधुनिकिरण र व्यावसायीकरणलाई प्राथमिकता दिएको ।
- कृषकहरूलाई टेवा तथा सेवा प्रवाहमा सहजताका लागि ९ वटै जिल्लामा कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र स्थापना गरिएको साथै प्राविधिक जनशक्तिको अभाव पूर्तिका लागि ४३ जना प्राविधिक कर्मचारी करारमा भर्ना गरिएको।
- उच्च मूल्यका कृषि उपजहरू जस्तै-फलफूलमा स्याउ, सुन्तला, कागती, किवि, ड्रागन फल लगायत व्यवसायिक चिया र कफी खेतीको सम्भाव्यता अध्ययन भएको ।
- प्रदेशमा रहेका प्राकृतिक ताल तलैया, जलाशय र चिसो पानीमा व्यवसायिक माछापालनको सम्भाव्यता अध्ययन तथा व्यवसायिक रेन्बो ट्राउट माछापालन सम्भाव्यता अध्ययन भई डोटी जिल्लाको जोरायल र सायल गाउँपालिका, दार्चुला जिल्लाको मार्मा गाउँपालिका र बैतडी जिल्लाको सुर्नया गाउँपालिकामा रेन्बो ट्राउट माछापालन शुरूवात भएको ।
- प्रदेशलाई दुधमा आत्मनिर्भर वनाई दुग्ध उत्पादनलाई ग्रामीण कृषकको आय आजर्नको मुख्य श्रोत वनाउन थप दुधलाई धुलोमा परिणत गरि निर्यात गर्नका लागि धुलो दुध कारखाना प्लान्ट स्थापना, सार्वजनिक निजी र सहकारी क्षेत्रको सहभागितामा दुधालु गाईभैसीको आनुवांशिक श्रोतकेन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भई सुदूरपश्चिम विश्वविद्यालय कृषि संकायको व्यवस्थापन तथा मन्त्रालयको आर्थिक सहयोगमा टिकापुर

क्याम्पसको प्राङ्गणमा दुधालु भैसीको आनुवांशिक श्रोतकेन्द्र स्थापना कार्यको शुरूवात भएको ।

- दुधको वैज्ञानिक मुल्य निर्धारणमा सहयोग पुऱ्याउन तथा कृषकहरूलाई दुध उत्पादनको प्रतिफलमा आधारित अनुदान प्रणालीलाई सहयोग पुऱ्याउन ७५% अनुदानमा १६ वटा दुग्ध संकलन केन्द्र तथा सहकारीहरूमा मिल्क एनालाईजर जडान गरिएको ।
- रासायनिक मलमा कृषकलाई सहुलियत प्रदान गर्न साल्ट टेड्रिङ कर्पोरेशनसंग सम्झौता गरि अनुदानमा मल वितरण भएको ।
- कञ्चनपुर जिल्लाको पुनर्वासमा रहेको राष्ट्रिय आवास कम्पनी लिमिटेडको ७४ विगाहा बाँझो जग्गामा  नेपाल कृषि अनुसन्धान परिषद्को सहकार्यमा कृषि अनुसन्धान, प्रसार र शिक्षा कार्यक्रमको शुरुवात भएको।
- कृषि व्यवसाय प्रवर्द्धनका लागि कृषि विकास बैंकसंग सम्झौता भई ऋणमा व्याज अनुदानको व्यवस्था गरिएको।
- वाली तथा पशुपन्छीको विमाको प्रिमियममा थप अनुदान उपलव्ध गराउन रु. २ करोडको वीमा कोष स्थापना गरिएको ।
- कृषि र पशुसेवा प्रविधि बिस्तारका लागि ९ वटा जिल्लाका सहकारी/कृषि अध्ययन संस्थानमा सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना भएको ।

## ७ खाद्यान्न, पशुपन्छी तथा वागवानी क्षेत्र-

- १५०० हेक्टर क्षेत्रफलमा धान र गहुँ बालीको बीउ उत्पादन कार्यक्रम संचालन भई उत्पादन भएको उन्नत बीउको प्रयोगबाट ३ बर्षमा धान र गहुँको कुल उत्पादनमा ३% ले बृद्धि भएको ।
- ९ ओटै जिल्लाका २७,००० विपन्न परिवारहरुलाई विभिन्न प्रजातिका हिउँदे फलफूलका विरुवाहरु निःशुल्क उपलब्ध गराई फलफूल रोपण गरिएको ।
- मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम अन्तर्गत ८८ स्थानीय तहमा नमुना गाँउ स्थापना भई विभिन्न बाली तथा पशुपंक्षीमा व्यवसायीकरणको शुरुवात भएको ।

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट विभिन्न बालीका ५५२ वटा पकेट र २०० वटा ब्लक स्थापना भएको ।
- करिव १२,००० हेक्टर खेती योग्य जमिनमा व्यवसायिक खेतीको शुरूवात भई कृषिको उत्पादकत्व वृद्धिका लागि उन्नत तथा आधुनिक प्रविधिको प्रयोगबाट व्यवसायीकरण तथा आधुनिकिकरण भएको ।
- ९ वटै जिल्लाका विभिन्न स्थानहरूमा ७८७ वटा व्यवसायिक पशुपन्छी फार्मको जैविक सुरक्षा, घेरवार सहित फार्म सुदृढिकरण तथा १२०० वटा नयाँ साना, मझौला तथा ठूला फार्मको स्थापना भएको ।
- गोदावरी नगरपालिकाको अत्तरिया र टीकापुर नगरपालिकाको टिकापुरमा २ वटा पशु हाटबजारको सुदृढिकरण भई अनुत्पादक तथा वाँझो भैसीको विक्रिबाट रू. ३५ करोड वरावरको कारोवार भएको।
- कृत्रिम गर्भाधानबाट पशु नश्ल सुधारमा टेवा पुर्याउन १२५ जना कृत्रिम गर्भाधानकर्तालाई तालिम तथा उपकरण बितरण भएको ।
- गुणस्तरीय पशुजन्य उत्पादन तथा बजारीकरण प्रवर्द्धनका लागि ११२ वटा मासु पसल सुधार, १०७ डेरी पसल, १५ वटा स्थानमा दुग्ध चिस्यान केन्द्र स्थापना भएको ।
- मासु तथा मासुजन्य पदार्थको स्वच्छता कायम राखी जनताको हित र स्वास्थ्यलाई सुनिश्चित गर्न ५ वटा मिट मार्ट र कन्चनपुर जिल्लाको महेन्द्रनगर, कैलाली जिल्लाको टिकापुर तथा अछामको मंगलसेन गरि ३ वटा बधशालाको निर्माण भई संचालनमा आएको।
- तयारी मासु तथा दुग्धजन्य पदार्थको ढुवानीका लागि ५० % अनुदानमा ३ वटा चिलिङ्ग भ्यान वितरण भई वजारीकरणमा टेवा पुगेको ।
- व्यवसायिक तरकारी खेतीका नयाँ प्रविधि विस्तारका लागि विभिन्न जिल्लामा साना र ठूला गरि ४५०० वटा प्लाष्टिक टनेल निर्माण भई प्रति १०० वर्ग मिटर टनेलमा ३०० के.जि. थप उत्पादन वृद्धि भएको।
- आलुको उन्नत बीउ बितरणबाट करिब १८०० हेक्टरमा वीउ उत्पादन भई आलु विकास कार्यक्रमबाट विगत ३ वर्षमा यस प्रदेशको आलु उत्पादन १०-१५ प्रतिशत बृद्धि भएको ।

- २५० हेक्टर नदी किनार र बगरमा मौसमी तरकारी खेती तथा युवा लक्षित तरकारी खेती बिस्तारबाट कम्तिमा २५०० जना युवा कृषकहरुले स्वरोजगार प्राप्त गरेका।
- व्यवसायिक माछापालनका लागि ९० हेक्टर क्षेत्रफलमा पोखरी निर्माण भई १२६ जना मत्स्य कृषकहरू प्रत्यक्ष लाभान्वित भएका।
- मत्स्य विकास केन्द्र गेटा कैलालीवाट ह्याचिङ्ग, फ्राई, फिंगरलिङ्ग र खानेमाछा गरि जम्मा ५,९७,०७,८२९ गोटा माछा विक्रिवाट रु.६०,१४,०४६/- राजश्व आम्दानी भएको र कृषकहरूले रू.१० करोड वरावरको आम्दानी गरेको ।
- मध्य तथा उच्च पहाडी क्षेत्रमा फलफुलको क्षेत्र विस्तारका लागि १२ वटा हाईटेक नर्सरी निर्माण तथा २०० हेक्टरमा बर्षे र हिंउदे फलफूल क्षेत्र विस्तार गरिएको।
- बाजुराको स्याउ, दार्चुलाको मह र ओखर, डोटीको सुन्तला, मह र चुकको उत्पादन र प्याकेजिङ लगायत मुल्य श्रंखला सहितको वजारीकरणका लागि कृषि उपज कोसेली घर निर्माण तथा बजार संयन्त्र स्थापना गर्न सहयोग गरिएको ।
- ३ वर्ष भित्रमा कैलाली तथा कञ्चनपुरमा सघन रुपमा २०० हेक्टर क्षेत्रफलमा थप व्यवसायिक केरा खेति बिस्तार भई प्रदेशको कुल मागको ८५% केरा आपूर्ति भएको।
- प्रदेश अन्तर्गत प्रांगारिक कृषि उत्पादन तथा प्रवर्धनका लागि ३ वटा जैविक विषादी उत्पादन केन्द्रहरुको स्थापना भएको।
- कृषि जैविक विविधता तथा रैथानेवाली संरक्षण कार्यक्रम अन्तर्गत कैलाली र कन्चनपुर जिल्लाका विभिन्न पकेट क्षेत्रमा ३०० हेक्टर जग्गामा थारु आलु संरक्षण तथा सम्बर्द्धन कार्यक्रम लागु गरिएको ।

**मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपन्छी बिकास कार्यक्रम -**

- "नमूना कृषि गाउँ, आफै बनाउँ" भन्ने मुल नाराका साथ ८८ वटै स्थानिय तहमा गत आ.व. मा अभियानको रूपमा शुरू गरिएको मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपन्छी बिकास कार्यक्रम अन्तर्गत हाल सम्म ११३ वटा नमुना कृषि गाँउ (जसमध्ये भेडावाख्राः ३४, स्याउः १, सुन्तलाः १, वाख्राः २९,आलुः ४, कुखुराः २, तरकारीः १६, गाईः १, भैसीः ३,गहुः ३ , ओखरः १, धानः ७, फलफूलः ४, माछाः १, उखुः ४, मसलाः २, मौरीः २, तरकारीः १६, र केराः२) गरी विभिन्न बालि र पशुपंक्षीको

एकिकृत उत्पादन तथा व्यवसायिकरणको कार्य प्रारम्भ भएको । प्रदेशको गौरवको रूपमा रहेको यस कार्यक्रमले प्रदेशमा खाद्य सुरक्षा र सम्प्रभुताको हक प्रत्याभुति हुने गरी ज्ञानमा आधारित व्यावसायिक कृषिको विकास नमूना र कृषिमा आत्मनिर्भरताको अभियानलाई थप टेवा पुर्याएको ।

| बाली | नमूना गाउँ संख्या | लाभान्वित परिवार |
|---|---|---|
| तरकारी | २६ | २६०० |
| फलफूल | १३ | १५०० |
| गहुँ | ६ | ६०० |
| धान | ८ | ९०० |
| मकै | १ | १०० |
| मसाला | १ | १०० |
| उखु | ४ | ४०० |
| मौरी | २ | २०० |
| बाख्रा | ४१ | २०५० |
| भेडा | ३ | १५० |
| भैंसी | ३ | १५० |
| कुखुरा | ४ | २०० |
| माछा | १ | ५० |

## ८ क्षमता बिकास कार्यक्रम, कृषि यान्त्रिकरण तथा पुर्वाधार विकास-

- मन्त्रालय मातहतमा रहेका फार्म, केन्द्र तथा श्रोतकेन्द्रहरूको सुदृढिकरण गरि उत्पादकत्व वृद्धिका लागि सुधार योजना तयार गरिएको ।
- कृषकको क्षमता बिकासका लागि १३३ वटा आइ.पि.एम. पाठशाला र अन्य व्यवसायिक कृषि तथा पशुपन्छी पालन सम्बन्धी तालिमबाट जम्मा ६२२७ जना कृषकहरू लाभान्वित भएका ।

- कृषि व्यवसाय तथा उद्यम प्रवर्धनका लागि कृषि उस्मायन मोडेलमा तालिम कार्यक्रमको शुरूवात भई व्यवहारिक ज्ञान र प्रविधि हस्तान्तरण कार्य प्रारम्भ भएको।
- कृषि विद्यालयहरुलाई उत्पादनमुलक व्यवसाय संचालन गर्न तथा विद्यार्थिहरुमा प्रयोगात्मक ज्ञान अभिबृद्धि गर्न Earn While Learn कार्यक्रम संचालनका लागि कोषको स्थापना भएको ।
- सहकारी संस्थाका सदस्यहरूको क्षमता अभिवृद्धिका लागि सहकारीकरण तथा गरीवी निवारण, सहकारी लेखापालन, सहकारी सुचना प्रणाली र प्रशिक्षक प्रशिक्षण तालिम संचालन भई जम्मा ४४० जना सहकारी संस्थाका सदस्य तथा कर्मचारीहरू लाभान्वित भएका ।
- भू-उपयोग, जग्गा प्रशासन, जग्गा नापजाँच अन्तर्गत व्यवस्थापनको क्षेत्रमा क्षमता विकास सम्वन्धी प्रशिक्षण कार्यक्रम अन्तर्गत जिल्लास्थित मालपोत र नापी कार्यालयहरूमा कार्यरत सहायकस्तरका २४ जना कर्मचारीहरु सहभागी भई क्षमता अभिवृद्धि भएको ।
- कृषिमा श्रम घटाउन र ब्यवसाय प्रवर्द्धनका लागि १० वटा स्थानीय तहमा कष्टम हायरिंग सेन्टर, ७ वटा सहकारी तथा संस्थाहरुलाई चार पाँग्रे ट्र्याक्टर ५५०० परिवारलाई पावर टिलर, मिनिटिलर र चार पाँग्रे ट्र्याक्टरमा जडान हुने उपकरणहरु वितरण गरिएको ।
- कृषि भौतिक पुर्वाधार प्रवर्धन गर्न ३ वटा राइपेनिंग च्याम्बर, १ वटा कोल्ड स्टोर (आंशिक सहयोग), १० वटा कृषि संकलन केन्द्र, ८ वटा कृषि हाटबजार स्थल, ४ वटा च्याउ बीउ उत्पादन प्रयोगशाला, १ वटा भेटेरीनरी तथा दाना परिक्षण/अन्वेषण प्रयोगशाला तथा १ वटा दुग्ध परिक्षण प्रयोगशाला स्थापना भएको ।
- ३ वर्ष भित्रमा २८०० वटा साना सिंचाइ योजनाहरुको कार्यान्यिन भई कुल १०० किलोमिटर निर्माण, मर्मत तथा सुधार भएको, तराईका जिल्लामा सिंचाई क्षेत्र विस्तारका लागि ५५० वोरिङ सेट वितरण भई ४०० हेक्टरमा सिंचाई सुविधा वढेको ।
- यस आ.व. देखि ९ वटै जिल्लाका सम्भाव्यता भएका ९-९ वटा कृषि उत्पादन तथा वजारीकरण स्थलमा एकिकृत कृषि बजार र कोल्ड च्याम्वर निर्माण कार्य प्रारम्भ भएको।

## ९ भूमि व्यवस्थापन, सहकारी तथा गरीवी निवारण क्षेत्र -

- गरिव तथा विपन्न वर्गको पारिवारिक पोषण तथा खाद्य सुरक्षाको लागि विभिन्न जिल्लाका १३५० जना एकल तथा विपन्न महिलाहरू, ३५० जना भूमिहिन तथा दलित परिवारलाई ग्रामीण कुखुरापालन, वाख्रापालन तथा तरकारी खेती मार्फत अनुदान सहयोग प्रदान गरिएको ।
- आयआर्जन तथा उत्पादनमा संलग्न ९६ वटा कृषि सहकारी संस्थाहरू मार्फत व्यवसायिक तरकारी खेति, व्यवासायिक वाख्रापालन, दुध उत्पादन, कुखुरापालन र वंगुरपालन, वालीनालीको विजवृद्धि तथा बीउ प्रशोधन, कृषि बजारिकरण, दुग्ध संकलन तथा डेरी उद्योग लगायतका आयोजनाहरु संचालन भएका ।
- सहकारी प्रशिक्षण मार्फत सम्बन्धी २५ वटा तालिम सञ्चालन र तालिमबाट ६३२ जना लाभान्वित भएका ।
- विगत ३ वर्षमा विभिन्न सहकारी संस्थाहरुलाई जम्मा अनुदान रकम रु. १६,४६,८८,९२०/- प्रदान गरिएको । जसमध्ये बीउपूँजी अनुदानतर्फ ९ र पुँजीगत वा अन्य अनुदानतर्फ १९० वटा सहकारीलाई अनुदान दिईएको ।
- वालीनालीको विजवृद्धी कार्यक्रम अन्तर्गत वीउ भण्डारण, गोदामघर र संकलन केन्द्र निर्माणका लागि २२ वटा सहकारी संस्थाहरूलाई वीउपूजी अनुदान वितरण भएको ।
- मुख्यमन्त्री एकिकृत बस्ती विकास कार्यक्रम अन्तर्गत गरिब तथा विपन्न वर्गको पहिचान गरि बस्ती ब्यवस्थापन कार्यक्रम अन्तर्गत बेदकोट नगरपालिका कञ्चनपुर, डोटीको दिपायल र भुरुवा राजीबस्ती भजनी नगरपालिका कैलालीमा घर निर्माण कार्य प्रारम्भ भएको ।
- प्रदेशभित्र रहेका भूमिहिन, सुकुम्वासी, मुक्त कमैया र मुक्त हलिया सम्बन्धी तथ्यांक संकलनका साथै भू-उपयोग सम्बन्धी सुचना प्रणाली निर्माण भएको।
- भू-उपयोग, भूमि बैंक, चक्लाबन्दी खेती सम्बन्धी मापदण्ड निर्माण भएको।
- संघीय सरकारको भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ बमोजिम प्रदेश सरकार, मन्त्रिपरिपद्बाट यस प्रदेशको लागि भूमि सम्बन्धी समस्या समाधान आयोगको सदस्य नियुक्त भई कार्यारम्भ भएको ।

## १० वन क्षेत्र-

- प्रदेश सरकारको तीन वर्षको अवधिमा विभिन्न प्रजातिका गरी जम्मा ४० लाख ३१ हजार ५४४ वटा विरुवा उत्पादन तथा वितरण र रोपण गरिएको ।
- करिव १५,९३८ हेक्टर वन क्षेत्रमा १४४ वटा सामुदायिक समूह गठन गरी वन हस्तान्तरण गरिएको ।
- ७५२ हेक्टर क्षेत्रफल वृक्षारोपण गरिएको ।
- २०२ हेक्टर वन अतिक्रमण क्षेत्रलाई खाली गरी वन क्षेत्र कायम गरिएको ।
- २७१ वटा वन अपराध सम्बन्धि मुद्दा दायर भएको ।
- जिल्ला वन पैदावार समितिहरु मार्फत जम्मा ७९,७३७ क्यूविक फिट काठ जम्मा १२८१ घरधुरीलाई घर निर्माण तथा मर्मत कार्यका लागि वितरण गरिएको । साथै वन पैदावर विक्रिबाट ३४ करोड १८ लाख राजश्व आम्दानी भएको छ ।
- २३८ स्थानमा गल्छि पहिरो नियन्त्रण, १२२ स्थानमा खोला नदी किनार संरक्षण, ७६ वटा पानी मुहान संरक्षण र ९० स्थानमा संरक्षण पोखरी निर्माण भएको ।
- यस क्षेत्रसँग सम्बन्धित थप उपलब्धी विवरण **अनुसूची-६** मा उल्लेख गरिएको छ ।

## ११ उद्योग तथा वाणिज्य क्षेत्र-

- १०,९२८ वटा विभिन्न प्रकृतिका उद्योगहरू दर्ता भएका ।
- ९८५४ जना नयाँ उद्यमीहरु श्रृजना भएका र ६९१ जना उद्यमीहरुलाई विभिन्न प्रविधिहरु हस्तान्तरण गरिएको ।
- दार्चूला जिल्लाको छाङरु र टिंकर क्षेत्रका स्थानीय वासिन्दाका लागि हेलिकोप्टर मार्फत १८० क्विन्टल खाद्यान्न ढूवानी सहयोग गरिएको ।
- सुदूरपश्चिम प्रदेश सभाका माननीय सदस्य, प्रदेश सरकारका प्रमुख सचिव र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव समेतको टोलीले दार्चूला जिल्लाको छाङरु र टिंकर क्षेत्रको स्थलगत भ्रमण गरी सो क्षेत्रका समस्या र सुझाव सम्बन्धमा जनप्रतिनिधि र स्थानीय वासिन्दासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।
- प्रदेशमा उच्च सम्भावना भएको जडिबुटीको उत्पादन, संकलन र प्रशोधन तथा विकासका लागि प्रदेश जडिबुटी उत्पादक तथा प्रशोधन कम्पनी स्थापनाका लागि सम्झौता भएको।
- यस क्षेत्रसँग सम्बन्धित थप उपलब्धि विवरण **अनुसूची-६** मा उल्लेख गरिएको छ ।

## १२ पर्यटन क्षेत्र

- प्राकृतिक सुन्दरताले भरिपूर्ण यस प्रदेशको उच्च पर्यटकीय सामर्थ्यतालाई मध्यनजर गर्दै विगतदेखि नै पर्यटन विकासको क्षेत्रलाई उच्च प्राथमिकता दिँदै आएको ।
- प्रदेशको पर्यटन विकास सम्बन्धी कार्य संचालन गर्न कुनै पनि निकाय नभई कार्यक्रम संचालनमा अन्यौलता रहेको अवस्थामा सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रीपरिषदको) मिति २०७५।९।२६ को वैठकवाट प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई सञ्चालन कार्यविधि, २०७५ स्विकृत भई सोही वमोजिम इकाई कार्यालय सञ्चालन भएको ।
- नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, भिमदत्त नगरपालिका र दोधारा-चाँदनी नगरपालिका, कन्चनपुर बिच कन्चनपुरको महेन्द्रनगर विमानस्थललाई विकास र विस्तार गरी 3C Category को विमानस्थलको रुपमा स्तरोन्नति गर्न मिति २०७७ फागुन ३ गते समझदारी पत्रमा हस्ताक्षर भएको ।
- सुदुरपश्चिम प्रदेशको समग्र पर्यटकिय विकासकालागि विभिन्न ५ वटा पर्यटन करिडोरहरू पहिचान गरी उक्त करिडोरहरू अन्तरगत विभिन्न पुर्वाधारहरू निर्माण लगायतका कार्यक्रमहरू संचालन भैरहेको ।
- नेपाल भ्रमण वर्ष २०२० को शुभारम्भ दिवसका दिन सबै सरोकारवालाहरूको उपस्थितिमा सुदूरपश्चिम प्रदेशका नौ वटै जिल्लाहरूको कला, संस्कृति झल्कने गरी झाँकी प्रदर्शन गर्दै भव्य उद्घाटन समारोह सम्पन्न गरिएको ।
- सौन्दर्यीकरणका लागि विभिन्न स्थानहरूमा सहरी हरित पार्क निर्माण गरिएको ।
- पर्यटकिय महत्वका विभिन्न ताल, तलैया, झरना, गुफाहरूको व्यवस्थापन भएको ।
- ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका गढी, किल्लाहरूको संरक्षण गरिएको ।
- प्रदेश सरकारले पर्यटन प्रवर्द्धन एवं विकासका लागि पर्यटकिय महत्वका विभिन्न ठुला, साना मठ, मन्दिर, गुम्वा, चैत्य, धर्मशाला, अतिथि गृह, पर्यटकीय बाटो तथा पदमार्ग लगायतका जम्मा ४१६ वटा पूर्वाधार निर्माण तथा मर्मत कार्य सम्पन्न भएको।
- प्रदेशको प्राकृतिक पर्यटन विकासका लागि खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति र रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समितिको गठन भई क्रमशः कार्यकारी अधिकृत र कार्यकारी निर्देशक समेतको नियुक्ति गरिएको ।

- सुदूरपश्चिम प्रदेशको पर्यटन विकास गुरूयोजना तयारी र सुदूरपश्चिम प्रदेशको पर्यटन सम्बन्धी डकुमेन्ट्री तयारी गर्ने कार्य अगाडी बढेको ।
- पर्यटन ऐनको अन्तिम मस्यौदा तयार भई स्वीकृतिको प्रक्रियामा रहेको ।
- भिमदत्त न.पा. बडा नं. ८ को भम्केनि धाममा नेपाल आमाको मुर्ति स्थापना गर्न बेसमेन्ट म्युजियम तयारी गर्ने, टीकापुर खक्रौलामा कैलाश प्रवेशद्वार स्थापना गर्ने र गौरीगंगामा भ्यूटावर निर्माण गर्ने कार्यका लागि टेन्डर आह्वान भईसकेको ।
- यस क्षेत्रसँग सम्बन्धित थप उपलब्धि विवरण **अनुसूची-६** मा उल्लेख गरिएको छ।

## १३ शिक्षा क्षेत्र-

- आ.व. २०७५/०७६ मा आरम्भ भई सम्पन्न हुन नसकेका ८८ वटा दुईकोठे विद्यालय भवनहरू मध्ये ८४ वटा, ८८ वटा चारकोठे विद्यालय भवनहरू मध्ये ८३ वटा, ऐश्वर्य मा.वि. भौतिक पूर्वाधार निर्माण क्रमागत २ मध्ये २ वटा, वण्डाली नि.मा.वि. पूर्वाधार विकास क्रमागत १ र ३२ वटा क्याम्पस भवनहरूको निर्माण कार्य आ.व. २०७६/०७७ मा सम्पन्न भएको ।
- ९ वटा सामुदायिक प्राविधिक धारका विद्यालयहरुमा छात्रावास निर्माण (क्रमागत) मध्ये बाजुरा स्थित १ भवनको निर्माण कार्य सम्पन्न भएको ।
- ५ वटा प्राविधिक धार संचालन भएका सामुदायिक क्याम्पसहरूमा सूचना तथा संचार प्रविधि (ICT) ल्याव र १० वटा सामुदायिक क्याम्पसहरूमा पुस्तकालय सुदृढीकरण गरिएको।
- शिक्षा विकास कार्यक्रम (विशेष अनुदान) अन्तर्गत ४४ वटा सामुदायिक विद्यालयहरुमा ICT ल्याव स्थापना भएको ।
- १५ वटा परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरुको सुदृढिकरण र विशेष आवश्यकता भएका बालबालिकाहरुको शिक्षामा पहुँच वृद्धि गर्न विशेष शिक्षा संचालित ३० वटा विद्यालयहरुलाई प्रोत्साहन अनुदान निकासा गरिएको ।
- चालु आ.व.मा निर्माण प्रारम्भ भएका ६४ वटा २ कोठे भवन मध्ये ७ वटा, ६४ वटा ४ कोठे भवन मध्ये ३ वटा, ५० वटा घेरबार मध्ये ४८ वटा सम्पन्न भएका।
- ३५०८ जना विद्यालय सहयोगी र २३४ जना वाल विकास शिक्षकहरुले प्रदेश सरकारबाट प्रोत्साहन अनुदान प्राप्त गरेको।

- मापदण्डका आधारमा प्रतिव्यक्ति रु.३ हजार देखि रु. ५ हजारका दरले ५ जना उच्च शिक्षा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिएको।
- ११ वटा क्याम्पस निर्माणाधीन अवस्थामा रहेका ।
- १३७ वटा २ कोठे भवन र ४ कोठे विद्यालय भवनहरु निर्माणाधीन अवस्थामा रहेका ।
- २ वटा धार्मिक वेद विद्याश्रमहरुका लागि पुस्तकालय सुदृढीकरण अनुदान दिइएको।
- १० वर्षे शिक्षा योजना निर्माणको चरणमा रहेको।
- प्रादेशिक शिक्षा नीति निर्माणका लागि मस्यौदापत्र तयारी गर्न सोको अवधारणापत्र तयार भएको ।

**क. बहुवर्षीय कार्यक्रमको रूपमा संचालनमा रहेका शिक्षा क्षेत्रका अन्य कार्यक्रमहरु-**

- सामुदायिक प्राविधिक धारका विद्यालयहरुमा छात्रावास निर्माण क्रमागत - ११ वटा
- दुई कोठे कक्षाकोठा भवन निर्माण (फर्निचर सहित) - ५७ वटा
- चार कोठे बिद्यालय भवन निर्माण - ६१ वटा
- फर्निचर सहित क्याम्पस भवन निर्माण - २४ वटा
- गोकुलेश्वर कृषि तथा पशु विज्ञान क्याम्पसको भवन निर्माण
- अनाथ असहाय बालबालिकाको शैक्षिक पहुँचका लागि विद्यालयमा आवासीय संरचना निर्माण - ४ वटा (कैलाली, कञ्चनपुर, अछाम र बैतडी )
- सामुदायिक प्राविधिक धारका विद्यालयहरुमा छात्रावास निर्माण - ९ वटा

**१४ स्वास्थ्य क्षेत्र-**

- नेपालको संविधानद्वारा प्रदत्त स्वास्थ्यको हकलाई सुनिश्चित गर्दै प्रदेशवासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने उद्देश्यले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको।
- कैलाली र कन्चनपुरमा सिकलसेल एनिमिया पहिचान, उपचार र नियन्त्रण सम्बन्धी शिविर संचालन गरिनुका साथै सेती प्रादेशिक अस्पताल, महाकाली र टिकापुर अस्पतालमा सिकेलसेल एनिमियाको जाँच उपचार सेवा विस्तार एवं सुदृढीकरण गरिएको ।
- स्थानीय तह अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्रहरुको सेवा स्तरोन्नति कार्यक्रम अन्तर्गत भजनी प्राथमिक स्वास्थ्य केन्द्र कैलाली, चौमाला प्राथमिक स्वास्थ्य केन्द्र

कैलाली, कमलबजार प्राथमिक स्वास्थ्य केन्द्र अछाम र देउलेक प्राथमिक स्वास्थ्य केन्द्र बझांगमा रु.२ करोड विनियोजन गरी खर्च गरिएको ।

- स्थानीय तह अन्तर्गत रहेका ४ वटा सरकारी अस्पतालहरु (गोकुलेश्वर, मालाखेती, जोगबुडा र बेलौरी) लाई कुल ८० लाखको औजार/उपकरण र भौतिक निर्माणमा सहयोग गरिएको ।
- ९ जिल्लाका १६ वटा निर्वाचन क्षेत्रमा रहेका विभिन्न स्थानीय तह र अस्पतालहरुलाई सुविधा सम्पन्न टाईप बि एम्बुलेन्स वितरण गरिएको ।
- महिलाहरुको प्रजनन स्वास्थ्य संग सम्बन्धित विशेष कार्यक्रम अन्तर्गत ९ वटा स्वास्थ्य कार्यालयहरुबाट ६३ पटक "**प्रजनन स्वास्थ्य शिविर**" संचालन भई १४,९१६ जना महिला लाभान्वित भएका ।
- प्रदेश सरकार अन्तर्गतका ७ वटा अस्पतालहरु (सेती प्रादेशिक, बाजुरा, अछाम, बझांग, डोटी, बैतडी र दार्चुला) मा रु. २ करोड ५० लाख विनियोजन गरी हाई केयर वार्ड स्थापना गरिएको ।
- सेती प्रादेशिक अस्पताल कैलालीमा करिब रु.२ करोड बराबरको अक्सिजन प्लान्ट जडान एवं संचालन गरिएको ।
- मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट संचालित विशेषज्ञ स्वास्थ्य शिविर (सर्जिकल समेत) बाट ९ वटा जिल्लामा कुल २२,१७५ जनाले विशेषज्ञ सेवा प्राप्त गरेको ।
- प्रदेशभरी आँखा जाँच तथा उपचार सेवाको पहुँच बढाउने उद्देश्यले ५१३५ जनालाई ओ.पी.डी. सेवा प्रदान, ७७७ जनाको मोतियाबिन्दुको शल्यक्रिया र १००६ जनालाई चश्मा वितरण गरिएको ।
- बिरामीको चाप बढी भएका ९ वटै जिल्लाका विभिन्न २७ वटा स्वास्थ्य चौकीहरुमा रु. ६ लाखका दरले प्रयोगशाला सेवा स्थापना तथा विस्तार गरिएको ।
- सुदूरपश्चिम प्रदेशमा रहेका ६०३७ वटा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन स्वरूप आ.व. २०७४/०७५ मा रु. ३ हजार र आ.व. २०७५/०७६ मा रु. १० हजारका दरले कुल जम्मा रु. ७ करोड ८४ लाख ८१ हजार वितरण गरेको ।
- जिल्ला अस्पताल अछाम, बैतडी र बझांगलाई नमुना जिल्ला अस्पताल बनाउन रु. ५० लाखका दरले १ करोड ५० लाख विनियोजन गरी अस्पतालबाट प्रवाह हुने सेवा र अस्पतालको वातावरणमा सुधार ल्याएको ।

